# श्री जिल्ला प्रहरी परिसर टेकु ,काठमाडौंमा दायर गरेको जाहेरी-दरखास्त

१. **जाहेरी दरखास्त वा सूचना दिने जाहेरवालाको नाम, थर, वतन** :-

स्थायी ठेगाना कमलामाई नगरपालिका वडा नं. १ सिन्धुली घर भई हाल काठमाडौं महानगरपालिका वडा नं. ३१ बस्ने राम बहादुर खत्रीको नाति , कुल बहादुर खत्रीको छोरा वर्ष ३६ को युवराज पौडेल (सफल)

मोबाइल नं. ९८४९७७७०९२..................................................................१

२. **कुन कानून वा मुद्दाबारे दरखास्त वा सूचना गरेको :-**

सहकारी सम्वन्धी कसुर ,संगठित अपराध र ठगी

३. **कसूर गर्ने व्यक्तिको नाम, थर, र ठेगाना (टोल सहित) :-**

काठमाडौं महानगरपालिका वडा नं. ०६ , काठमाडौं स्थायी ठेगाना भई हाल मन्त्री क्वाटर हरिहर भवन पुल्चोक ललितपुर बस्ने ,बाजेको नाम थाहा नभएको , लाल चन्द्र लामिछानेको छोरा तत्कालीन गोर्खा मिडिया नेटवर्कका संचालक तथा प्रबन्ध निर्देशक ,हाल नेपाल सरकारका उपप्रधान एवम् गृहमन्त्री बर्ष ४८ को रवि लामिछाने ।

मोबाइल नं. ९८५१३६०५५५ .............................................................१

सुनकोशी गाउँपालिका वडा १ ओखलढुंगा स्थायी ठेगाना रही हाल मलेसियामा फरार भई बसेका बाजेको नाम नखुलेको , दिप हरि राईको छोरा गोर्खा मिडिया नेटवर्कका अध्यक्ष वर्ष ४७ को गितेन्द्र बाबु राई ।

यो जाहेरी दरखास्त मैं व्यहोराले मस्यौदा गरी कम्प्युटर टाईप गरेको ठिक छ भनी सहि गर्ने युवराज पौडेल (सफल)

CamScanner

७५५

४. **कसुर गर्ने व्यक्तिको बाबु नाम :-**

रवि लामिछानेको बाबुको नाम : लाल चन्द्र लामिछाने

गितेन्द्र बाबु राईको बाबुको नाम : दिप हरि राई

५. **कसुर गर्ने व्यक्तिको हुलिया र परिचय खुल्ने अन्य विवरण :-**

रवि लामिछानेको हुलिया : - गहुँगोरो बर्ण , उचाई अन्दाजी ५.४ फिट र हल्का दाह्री ,जुंगा पालेका ।

गितेन्द्र बाबु राईको हुलिया : गोरो बर्ण ,उचाई अन्दाजी ५.३ ,जुंगा पालेको ।

६. **कसूर सम्बन्धी विवरण:-**

**(क) कसुर भएको, भईरहेको वा हुन लागेको स्थान, ठाँउ, मिति :-**

आरोपित रवि लामिछाने ०७७ फाल्गुन ११ गतेदेखि २०७९ असार १ गतेसम्म करिब १५ महिना गोर्खा मिडिया नेटवर्कको संचालक तथा प्रवन्ध निर्देशकको जिम्मेवारीमा हुँदा तथा गितेन्द्र बाबु राई गोर्खा मिडिया नेटवर्कको अध्यक्षको भुमिकामा हुँदा काठमाडौं स्थित स्वर्णलक्ष्मी सहकारीबाट संस्थागत रुपमा गोर्खा मिडिया नेटवर्कको नाममा ६४ करोड रुपैयाँ गैर कानुनी रुपमा कर्जा लिने कार्यमा संलग्न भएको । निजहरुले सो कसुर गरेको कुरा २०८० पौष २२ गतेको दिन कान्तिपूर राष्ट्रिय दैनिक तथा अन्य राष्ट्रिय मिडियामा पढी थाहा पाएको ।

**(ख) कसूरसँग सम्वन्धीत घटना विवरण :**

विपक्षी रवि लामिछाने तत्कालीन गोर्खा मिडिया नेटवर्कमा मिति २०७७ फाल्गून ११ गतेदेखि २०७९ असार १ गतेसम्म संचालक /प्रबन्ध निर्देशको जिम्मेवारीमा कार्य गरेका व्यक्ति हुन् । साथै अर्का विपक्षी गितेन्द्र बाबु राई गोर्खा मिडिया नेटवर्कका हालसम्म अध्यक्षको भुमिकामा रहेका व्यक्ति हुन् । काठमाडौं स्थित स्वर्ण लक्ष्मी सहकारीबाट आफू गोर्खा मिडिया नेटवर्कको अध्यक्ष ,संचालक तथा प्रबन्ध निर्देशक भएको बेला गितेन्द्र बाबु राई र रवि लामिछानेले अवैधानिक रुपमा रु ६४ करोड गैर कानुनी रुपमा गोर्खा मिडिया नेटवर्कको नाममा गएको देखिन्छ । सहकारी ऐन २०७४ को परिच्छेद -७ मा बचत तथा ऋण परिचालन खण्डको दफा ५० ले सदस्य केन्द्रीत भई बचत तथा ऋणको कारोबार

७५५

CamScanner

गर्नुपर्ने व्यवस्था गरेको छ । तसर्थ स्वर्ण लक्ष्मी सहकारीसँग कारोबार गर्ने माथि उल्लेखित निकाय गोर्खा मिडिया नेटवर्क सहकारीको प्राकृतिक बचत कर्ता हैनन् । किनकि कुनै पनि प्रा.लि. कम्पनी सहकारी संस्थाको बचत कर्ता हुन र बन्न मिल्ने कुरा सहकारी ऐनले परिकल्पना समेत गरेको छैन । तसर्थ गोर्खा मिडिया नेटवर्कले गैर कानुनी रुपमा स्वर्ण लक्ष्मी सहकारीबाट रकम लगेको कुरा पुष्टि भई सकेको छ । अत माथि उल्लेखित व्यक्तिहरुले गैरकानुनी कारोबार गरेकाले निजहरुलाई सहकारी ऐनको परिच्छेद -१९ कसुर ,दण्ड जरिवाना तथा पुनरावेदनको दफा १२२ को उप दफा (ख) बमोजिम कारबाही हुने ठहर्छ । सहकारी ऐनको दफा **१२२ को उप दफा (ख)मा लेखिएको छ -सदस्यको बचत यस ऐन र यस ऐन अन्तर्गत बनेको नियम ,विनियम बमोजिम बाहेक अन्य कुनै पनि प्रयोजनको लागि प्रयोग गरेमा सहकारी सम्बन्धी कसुर गरेको मानिनेछ** भनी लेखिएको छ । अत निज रवि लामिछाने र गितेन्द्र बाबु राईले सहकारी सम्वन्धी कसुर गरेको कुरा पुष्टी भई सकेको छ । त्यस्तै सहकारीबाट रकम् लैजादा रवि लामिछाने , गितेन्द्र बाबु राई र गरी कुल २ जना व्यक्ति संगठित भई प्रमाण नराखी ,प्रक्रिया नपुऱ्याई ,बेरितपुर्वक स्वर्ण लक्ष्मी सहकारीबाट आम बचत कर्ताको बचत हिनामिना गर्ने ,बचतकर्ताको सम्पत्तिमा क्षति पुऱ्याउने योजना बनाएको देखिन्छ । अत दुई जना व्यक्तिहरुले संगठित रुपमा सहकारीमा रहेको हज्जारौं बचत कर्ताहरुको रकम मास्ने ,हिनामिना गर्ने कार्य गरेकाले निज रवि लामिछाने ,गितेन्द्र बाबु राईले संगठित अपराध सम्बन्धी कसुर समेत गरेको देखिन्छ । उल्लेखित आरोपितहरु मध्येका रवि लामिछानेले आफूले कुनै पनि रकम सहकारीबाट नलिएको र त्यसको प्रमाण भए सार्वजनिक गर्न चुनौति दिइ रहेका छन् । तर तथ्य ,प्रमाण र अध्ययनबाट निज रवि लामिछाने लगायतका आरोपितहरुले स्वर्ण लक्ष्मी सहकारी काठमाडौंबाट सहकारी ऐन विपरित हुने गरी गोर्खा मिडिया नेटवर्कको नाममा रु ६४ करोड रुपैयाँ लिएको कुरा पुष्टी भई सकेकोले निजहरु उपर संगठित अपराध सम्बन्धी कसुरमा समेत मुद्धा चलाई कारबाही गर्न पर्ने देखिन्छ । संगठित अपराध निवारण ऐन २०७० मा - कसैले आपराधिक समुहको लाभको लागि ,आपराधिक समुहको निर्देशनमा ,आपराधिक समुहसँग मिलेर वा

CamScanner

आपराधिक समुहको संस्थापक सदस्य वा सदस्य भई जानी जानी कुनै गम्भीर अपराध गरे निजले संगठित अपराध गरेको मानिनेछ भन्ने व्यवस्था गरिएको छ । अत गितेन्द्र बाबु राई ,रवि लामिछाने लगायतले सहकारी ठग्ने आपराधिक सोच राखेर नै गैर कानुनी तरिकाले आम सर्वसाधरणको बचत रकम हिनामिना हुने गरी सहकारी डुबाउने कार्य गरेको देखिन्छ । यता आरोपित रवि लामिछानेले सहकारी ऐन विपरितका कार्य गरेको कुरा समेत स्विकार नगर्ने गरेका छन् भने ,गितेन्द्र बाबु राई बेपत्ता भएका छन् । अत दुई वा दुई भन्दा बढी व्यक्तिहरु मिलेर सहकारीको रकम हिनामिना गर्न संगठित अपराध गरेकाले निजहरुलाई संगठित अपराध सम्बन्धी मुद्धामा आवश्यक कारबाही गरिनु पर्दछ । त्यस्तै निजहरुले गैर कानुनी रुपमा बिना प्रक्रिया सहकारीको करोडौं रुपैयाँ लगि नतिरेकोले निजहरुलाई मुलुकी अपराध संहिता ऐन बमोजिम ठगीको महलमा समेत आवश्यक कारबाही गर्नपर्ने देखिन्छ । बिना प्रक्रिया सहकारीको करोडौं रकम लगेर नर्तिनु पनि ठगी गर्नु हो । तसथ स्वर्ण लक्ष्मी सहकारी काठमाडौंबाट गोर्खा मिडिया नेटवर्कको नाममा करिब ६४ करोड रुपैयाँ रकम गैर कानुनी रुपमा लैजाने कार्यमा संलग्न विपक्षी तत्कालीन गोरखा मिडिया नेटवर्कका संचालक एवम् प्रबन्ध निर्देशक निज रवि लामिछाने , गोरखा मिडिया नेटवर्कका अध्यक्ष गितेन्द्र बाबु राईले सहकारी ऐन २०७४ को दफा १२२ को उपदफा (ख) सम्बन्धी सहकारी सम्बन्धी कसुर ,साथै संगठित अपराध निवारण ऐन २०७० सम्बन्धी कसुर र मुलुकी अपराध संहिता २०७४ को दफा २४९ बमोजिम ठगी गर्न नहुने सम्बन्धी कसुर गरेकाले निजहरुलाई तत्काल पक्राउ गरी हदैसम्म कैद गरी कानुनी कारबाही गरी पिडितको रकम फिर्ता गराई पाउँ भनी हदम्याद भित्रै प्रस्तुत जाहेरी लिएर आएको छु ।

(ग) कसूरको प्रकृति र कसूरसँग सम्बन्धीत अन्य विवरण:- सहकारी ऐनको दफा १२२ को उपदफा (ख) ,संगठित अपराध निवारण ऐन २०७० मुलुकी अपराध संहिता २०७४ को दफा २४९ सम्बन्धी कसुर ।

(घ) कसूरसँग सम्बन्धीत सबुद प्रमाण:-

१. जाहेरवाला म युवराज पौडेल सफलको नागरिकता प्रमाणपत्रको फोटोकपी ।

CamScanner

२. स्वर्ण लक्ष्मी सहकारी सम्बन्धी जिल्ला प्रहरी कार्यालय काठमाडौंले गरेको अनुसन्धान प्रतिवेदन, सहकारी सम्बन्धी निकायले तयार गरेको अनुसन्धान प्रतिवेदन साथै विभिन्न राष्ट्रिय मिडियामा सार्वजनिक भएका तथ्यांकहरुलाई मुख्य प्रमाण मानि आवश्यक कारबाही गरी पाउँ ।

(ङ). अपराधसँग सम्बन्धित अन्य विवरण : अपराधसँग सम्बन्धीत अन्य विवरण निज रवि लामिछाने र गितेन्द्र बाबु राईमार्फत खुलाई पाउँ ।

७. यो दरखास्तको व्यहोरा ठीक साँचो हो, झुट्टा व्यहोरा लेखेको ठहरे कानून बमोजिम सहुँला बुझाउँला ।

प्रहरीद्वारा अनुसन्धान हुँदा वा अदालतमा मुद्दा चल्दाका बखत उपस्थित हुनु पर्ने जनाउ पाए सो बमोजिम उपस्थित हुनेछु ।

जाहेरी वा सूचना दिने व्यक्तिको : निज युवराज पौडेल सफल

सहि :-

मिति :- २०८१ असार ४ गते मंगलबार ।

CamScanner